# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, वैशाख २९ गते, २०८२ साल (संख्या ७

## भाग ५

### नेपाल सरकार

### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

**सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२**

सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी  नेपाल सरकारले देहायको कार्यनीति बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यनीतिको नाम "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२" रहेको छ।

(२) यो कार्यनीति तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २ मा संशोधन** : सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (यस पछि "मूल कार्यनीति" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "केन्द्रीय निकाय" भन्नाले सर्वोच्च अदालत, संवैधानिक निकाय, नेपाल सरकार अन्तर्गतका मन्त्रालय, सचिवालय र आयोग सम्झनु पर्छ।"

**३.** **मूल कार्यनीतिको दफा ३ मा संशोधनः** मूल कार्यनीतिको दफा ३ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) उपदफा (६) को प्रयोजनको लागि सिफारिस गर्दा प्रदेश सरकार र अन्तर्गतको निकायको हकमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय निकायको रुपमा सिफारिस पेश गर्नु पर्नेछ।"

**४.** **मूल कार्यनीतिको दफा ४ मा संशोधनः** मूल कार्यनीतिको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क) यस दफा बमोजिम नेपाल सरकारका नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक परेमा उक्त जग्गा विपद् व्यवस्थापनका लागि आवश्यक नपर्ने भन्ने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस पेश गर्नु पर्नेछ।"

५. **मूल कार्यनीतिको दफा ५ मा संशोधनः** मूल कार्यनीतिको दफा ५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम उपलब्ध हुने जग्गा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सो अन्तर्गतका निकायलाई उपयुक्त भए नभएको सम्बन्धमा छानबिन गरी कार्यालयलाई लिखत पारित गराई दाखिल खारेजका लागि स्वीकृति दिन देहायको एक समिति रहनेछः-

(क) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी -संयोजक
(ख) सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी -सदस्य
(ग) सम्बन्धित कार्यालय प्रमुख -सदस्य
(घ) सम्बन्धित नापी कार्यालयको प्रमुख -सदस्य
(ङ) निःशुल्क जग्गा प्राप्त हुने क्षेत्रको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(च) जग्गा रहेको स्थानको स्थानीय तहको वडा अध्यक्ष -सदस्य
(छ) जग्गा माग गर्ने निकायका कार्यालयको प्रमुख -सदस्य-सचिव"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) कार्यालय, नापी कार्यालय वा स्थानीय तहको लागि जग्गा प्राप्त हुने भएमा सो कार्यालयमा अधिकृत स्तरको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारी भए निजले र अधिकृत स्तरको कर्मचारी नभए अन्य वरिष्ठ कर्मचारीले सदस्य-सचिवको काम गर्नु पर्नेछ।"

(३) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन्:-

"(३) उपदफा (२) बमोजिमको समितिले उपदफा (१) बमोजिमका निकायलाई उपलब्ध गराइने जग्गाको स्वीकृति दिँदा त्यस्तो जग्गा उपयुक्त रहे नरहेको सम्बन्धमा आवश्यक जाँचबुझ गरी देहायका आधारमा स्वीकृति दिएको निर्णय कार्यालयमा पठाउनु पर्नेछः-

(क) सरकारी निकायलाई प्राप्त हुने जग्गा उच्चतम रुपमा प्रयोगमा आउन सक्ने,

(ख) भवन निर्माण गर्ने प्रयोजनको लागि जग्गा प्राप्त गर्दा आवश्यक भौतिक पूर्वाधार सडक, बत्ती, पानी, पार्किङ्ग, सुरक्षा, सञ्चार, बैङ्क आदिको सुगमता भएको,

(ग) स्थानीय तहको वडा कार्यालय वा प्रशासकीय भवन निर्माणका लागि प्रयोग हुने जग्गाको हकमा नेपाल सरकारले तोकेको केन्द्रभन्दा फरक स्थानमा नरहेको,

(घ) अनुसूची-१क बमोजिमको जग्गाको प्रकृति र क्षेत्रफल पूरा भएको,

(ङ) सेवा प्रवाहको दृष्टिकोणले पायक पर्ने स्थानमा रहेको,

(च) जोखिमयुक्त, विवादित वा झगडा परिरहेको, तत्काल रजिष्ट्रेशन र नामसारी नहुने किसिमको र प्रयोगमा ल्याउन नसकिने वा प्रयोगमा ल्याउन कठिन हुने प्रकृतिको नभएको।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृति प्राप्त भएपछि कार्यालयले सो जग्गा दानपत्रको लिखत पारित गराई जग्गा प्राप्त गर्ने निकायको नाममा प्रचलित कानून बमोजिम पूँजीगत लाभकर समेत असुल गरी दाखिल खारेज गरिदिनु पर्नेछ।"

(४) उपदफा (५), (६), (७) र (८) झिकिएका छन्।

६. **मूल कार्यनीतिको दफा ६ मा संशोधनः** मूल कार्यनीतिको दफा ६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ;-

"(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत स्थापना भएका विश्वविद्यालय, बोर्ड, समिति वा अन्य स्वायत्त संस्था,"

७. **मूल कार्यनीतिको दफा ११ मा संशोधनः** मूल कार्यनीतिको दफा ११ को,-

(१) उपदफा (४) मा रहेको "मापदण्डलाई" भन्ने शब्दको सट्टा "उपयोग वा लिजमा उपलब्ध गराउने जग्गाको प्रकृति र क्षेत्रफललाई" भन्ने शब्दहरु राखिएको छ।

(२) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्:-

"(५) उपदफा (३) बमोजिम प्रतिस्पर्धा गराउँदा समितिले देहाय बमोजिमको विवरण समेटी राष्ट्रियस्तरको पत्रिकामा पैंतिस दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) लिजमा दिने जग्गाको विवरण,

(ख) जग्गा उपयोगका शर्त,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बढाबढ शुरु हुने न्यूनतम मूल्य,

(घ) कबोल अङ्कको पाँच प्रतिशतले हुने नगद धरौटी वा बैङ्क जमानत,

(ङ) कार्यालयमा पेश गर्नुपर्ने विषय,

(च) शिलबन्दी कागजात पेश गर्ने तथा खोलिने अन्तिम मिति, समय र स्थान,

(छ) लिज सम्झौता भएको रकममा प्रत्येक आर्थिक वर्षमा कम्तीमा पाँच प्रतिशत वृद्धि हुने कुरा, र

(ज) यस कार्यनीतिमा लिज रकम सम्बन्धमा उल्लेख भएका विषयहरु।

(६) यस दफा बमोजिम लिजमा जग्गा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धमा थप कार्यविधि आवश्यक परेमा सिफारिस समिति आफैंले कार्यविधि बनाई लागू गर्न सक्नेछ।"

८. **मूल कार्यनीतिको दफा २५ मा संशोधनः** मूल कार्यनीतिको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः-

"**२५. उपयोग वा लिजमा उपलब्ध गराउने जग्गाको प्रकृति र क्षेत्रफल सम्बन्धी व्यवस्थाः** (१) यस कार्यनीति बमोजिम सरकारी निकायलाई जग्गा उपयोग गर्न वा लिजमा दिँदा अनुसूची-१क. मा उल्लिखित निकाय र क्षेत्रफलबमोजिम उपलब्ध गराउन सकिनेछ।

(२) अनुसूची-१क बाहेकका अन्य सरकारी निकायको हकमा त्यस्ता निकायका केन्द्रीय निकायले जग्गा उपयोग वा लिजमा उपलब्ध गराउने जग्गाको प्रकृति र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रफल खुलाई मन्त्रालयमा पेश गरेपछि मात्र जग्गा उपयोग वा लिजमा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम केन्द्रीय निकायले सिफारिस गर्दा जग्गाको भौगोलिक अवस्थिति, क्षेत्रफल, चार किल्ला र जग्गाको उपलब्धताका आधारमा गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सिफारिस गर्दा कुनै कित्ता जग्गाको आंशिक क्षेत्रफल मात्र माग भएमा बाँकी रहन जाने जग्गा अन्य प्रयोजनमा आउन सक्ने भएमा मात्र आंशिक जग्गा उपलब्ध गराउन सिफारिस गर्नु पर्नेछ। बाँकी जग्गा अन्य प्रयोजनमा आउन नसक्ने भएमा पूरै कित्ता जग्गा लिज वा उपयोगका लागि सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जग्गा उपयोग गर्न वा लिजमा उपलब्ध गराउन सिफारिस गर्दा सरकारी जग्गाबाट बाटो राखी सिफारिस गर्नु हुँदैन।

(६) अनुसूची-१क. बाहेकका अन्य सरकारी निकायको केन्द्रीय निकायले जग्गा उपयोग वा लिजमा उपलब्ध गराउने जग्गाको प्रकृति र क्षेत्रफल निर्धारण गरी मन्त्रालयमा पठाएमा अनुसूची-१क. मा स्वत: समावेश भएको मानिनेछ।

(७) निजी जग्गा सरकारी निकायलाई उपलब्ध गराउँदा समेत जग्गाको प्रकृति र क्षेत्रफल अनुसूची-१क बमोजिम लागू हुनेछ ।

(८) यो कार्यनीति लागू हुनु पूर्व नै सरकारी खर्चमा बनेको भवन उपयोगमा लिँदा दिँदा यस कार्यनीति बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभए तापनि उपयुक्तताको आधारमा उपलब्ध गराउन सकिने छ।"

९. **<u>मूल कार्यनीतिको अनुसूचीमा संशोधनः</u>** मूल कार्यनीतिको,-

(१) अनुसूची-१ पछि यसैसाथ संलग्न अनुसूची-१क. थपिएको छ।

(२) अनुसूची-२ को सि.नं. ७ को खण्ड (क), खण्ड (ख) र खण्ड

(ग) को रजिष्ट्रेशन प्रयोजनका लागि तोकिएको न्यूनतम मूल्याङ्कनको प्रतिशत (वार्षिक) लिज रकमको खण्डमा रहेको "०.२५%" को सट्टामा "०.५०%" राखिएको छ।

(३) अनुसूची-३ को सट्टा यसैसाथ संलग्न अनुसूची-३ राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१क.

**(दफा ५ को उपदफा (३) को खण्ड (घ), दफा २५ को उपदफा (१), (२), (६) र (७) सँग सम्बन्धित)**

**<u>जग्गा उपयोग वा लिजमा उपलब्ध गराउँदा आवश्यक पर्ने जग्गाको प्रकृति र क्षेत्रफल</u>**

**१. गृह मन्त्रालय अन्तर्गतका कार्यालयको हकमा**

**(क) जिल्ला प्रशासन/इलाका प्रशासन/सीमा प्रशासन कार्यालय**

| क्र.सं. | गृह मन्त्रालय अन्तर्गतका कार्यालय | आवश्यक पर्ने जग्गाको क्षेत्रफल | | |
|---|---|---|---|---|
| | | हिमाल | पहाड | तराई |
| १ | जिल्ला प्रशासन कार्यालय | १० रोपनी | १० रोपनी | १५ कट्ठा |
| २ | इलाका प्रशासन कार्यालय | ५ रोपनी | ५ रोपनी | ५ कट्ठा |
| ३ | सीमा प्रशासन कार्यालय | ५ रोपनी | ५ रोपनी | ५ कट्ठा |

**(ख) अध्यागमन विभाग वा अन्तर्गतका कार्यालय**

| क्र.सं. | अध्यागमन विभाग वा अन्तर्गतका कार्यालय | आवश्यक पर्ने जग्गाको क्षेत्रफल | | |
|---|---|---|---|---|
| | | हिमाल | पहाड | तराई |
| १. | विभागस्तरको कार्यालय | | ७ रोपनी | |
| २. | जिल्लास्थित अध्यागमन कार्यालय | ५ रोपनी | ५ रोपनी | ५ कट्ठा |

**(ग) कारागार व्यवस्थापन विभाग वा अन्तर्गतका कार्यालय**

| क्र.सं. | कैदीबन्दीको क्षमता | जग्गाको प्रकार | आवश्यक जग्गा |
|---|---|---|---|
| १. | ५० जनासम्म | हिमाली जिल्ला मनाङ, मुगु, डोल्पा, हुम्ला र दार्चुला | ५ रोपनी |
| २. | १५० जनासम्म | मनाङ, मुगु, डोल्पा, हुम्ला र दार्चुला बाहेकका अन्य हिमाली जिल्ला | ९ रोपनी |
| ३. | १५० जनासम्म | काठमाडौं र पोखरा उपत्यका बाहेकका पहाडी जिल्ला | ११ रोपनी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ४. | ४०० जनासम्म | काठमाडौं र पोखरा उपत्यका बाहेकका पहाडी जिल्ला | २५ रोपनी |
| ५. | | काठमाडौं र पोखरा उपत्यकाका जिल्लाका कारागार | ५० रोपनी |
| ६. | ५०० जनासम्म | तराईका जिल्ला कारागार | ५ विगाहा |
| ७. | ५०० जना माथि | तराईका जिल्ला कारागार | ९ विगाहा |
| ८. | २००० जनासम्म | तराईका जिल्लाका क्षेत्रीय कारागार | १२ विगाहा |
| ९. | १००० जनासम्म | पहाडी जिल्लाका क्षेत्रीय कारागार | २०० रोपनी |
| १०. | ३००० जना माथि | पहाडी जिल्लाका केन्द्रीय कारागार | ६०० रोपनी |
| ११. | ३००० जना माथि | तराई जिल्लाका केन्द्रीय कारागार | ५० विगाहा |
| १२. | १००० जनासम्म | तराईका जिल्लाका प्रदेशस्तरीय कारागार | १५ विगाहा |
| १३. | १००० जनासम्म | पहाडी जिल्लाका प्रदेशस्तरीय कारागार | २०० रोपनी |
| १४. | ३००० जनासम्म | खुल्ला कारागार | २५ विगाहा |

## (घ) नेपाल प्रहरी वा अन्तर्गतका कार्यालय

| क.सं. | प्रहरी कार्यालय | आवश्यक पर्ने जग्गाको क्षेत्रफल | | |
|---|---|---|---|---|
| | | हिमाल | पहाड | तराई |
| १. | काठमाडौं उपत्यका प्रहरी कार्यालय वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | १५ रोपनी | २० रोपनी | २ विगाहा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| २. | नेपाल प्रहरीका ४ वटा व्यूरो वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | १५ रोपनी | २० रोपनी | २ विगाहा |
| ३. | प्रदेश प्रहरी कार्यालय वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ३० रोपनी | ३५रोपनी | ३ विगाहा |
| ४. | प्रदेश प्रहरी तालिम केन्द्र विद्यालय वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय वा शिक्षालय, विद्यालय, गण कार्यदल वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ३०० रोपनी | ३५० रोपनी | ३० विगाहा |
| ५. | जिल्ला प्रहरी परिसर वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | १५ रोपनी | २० रोपनी | २ विगाहा |
| ६. | प्रदेश प्रहरी गण, अस्पताल, ट्राफिक वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | २०० रोपनी | २५० रोपनी | २३ विगाहा |
| ७. | वृत/नगर/वडा प्रहरी कार्यालय वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ८ रोपनी | १० रोपनी | १८ कट्ठा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ८. | इलाका प्रहरी कार्यालय (क) वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ६ रोपनी | ८ रोपनी | १६कट्ठा |
| ९. | इलाका प्रहरी कार्यालय (ख) वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ५ रोपनी | ७ रोपनी | १४ कट्ठा |
| १०. | प्रहरी चौकी (क) वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ४ रोपनी | ६ रोपनी | १२ कट्ठा |
| ११. | प्रहरी चौकी (ख) वा सो सरह जनशक्ति भएका प्रहरी कार्यालय | ३ रोपनी | ४ रोपनी | ८ कट्ठा |

**(ङ) सशस्त्र प्रहरी बल, नेपाल वा अन्तर्गतका कार्यालय**

| क.सं. | सशस्त्र प्रहरी वल वा अन्तर्गतका कार्यालय | आवश्यक पर्ने जग्गाको क्षेत्रफल | | |
|---|---|---|---|---|
| | | हिमाल | पहाड | तराई |
| १. | वाहिनी | ६० रोपनी | ५० रोपनी | ३ विगाहा |
| २. | तालिम शिक्षालय | १५० रोपनी | १०० रोपनी | ६ विगाहा |
| ३. | गण | ८० रोपनी | ६० रोपनी | ३ विगाहा १५ कट्ठा |
| ४. | गुल्म | ४० रोपनी | ३० रोपनी | १ विगाहा १० कट्ठा |
| ५. | वि.ओ.पी. | १२ रोपनी | १० रोपनी | १० कट्ठा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा अन्तर्गतका निकाय (स्वास्थ्य भवन निर्माण) को हकमा

| स्वास्थ्य भवनको प्रकार | डिजाईन टाईप | शैय्या क्षमता | सेवाग्राहीको जनसंख्या | जग्गाको न्यूनतम क्षेत्रफल | |
|---|---|---|---|---|---|
| | | | | व.मि. | रोपनी |
| प्राथमिक अस्पताल (क) वर्ग | टाईप - १ | ५१-९९ | १००००१ देखि ३००००० सम्म | १४,४०० | २८ |
| | टाईप - २ | २६-५० | ५०००० देखि १००००० सम्म | ६,१६० | १२ |
| | टाईप -३ | १५-२५ | २०००१ देखि ५०००० सम्म | ४,८८० | ९.६ |
| प्राथमिक अस्पताल (ख) वर्ग | टाईप - १ | १५ | २०००० भन्दा बढी | ३,६८० | ७.२ |
| | टाईप - २ | १० | १५००१ देखि २०००० सम्म | ३,६८० | ७.२ |
| | टाईप -३ | ५ | १५००० वा सो भन्दा कम | २,८८० | ५.६ |
| स्वास्थ्य चौकी | टाईप ए | | १२००० भन्दा बढी | १,६८० | ३.२ |
| | टाईप - बी | | ७००० देखि १२०००सम्म | ८८० | १.६ |
| | टाईप - सी | | ३००१ देखि ७००० | ६४० | १.२ |
| | टाईप - डी | | ३००० सम्म | ४०० | ०.८ |

## ३. रक्षा मन्त्रालय वा अन्तर्गत निकायको हकमा

### (क) तराई ईलाकामा नेपाली सेना तैनाथी

| क्र.स. | विवरण | जग्गाको न्यूनतम क्षेत्रफल (विगाहा) | जग्गाको अधिकतम क्षेत्रफल (विगाहा) |
|---|---|---|---|
| १ | पृतना हे.क्वा/कमाण्ड हे.क्वा | ६० | ७५ |
| २ | वाहिनी हे.क्वा | ४५ | ५० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३ | गण हे.क्वा | ३५ | ४० |
| ४ | गण हे.क्वा (सह-स्थित/ Co-Located) | १५ | २५ |
| ५ | गुल्म/ब्याट्री (अनाश्रित) | १५ | २५ |
| ६ | गुल्म/ब्याट्री (आश्रित) | १० | १५ |
| ७ | युद्ध मद्दती युनिट | १३ | १५ |
| ८ | तालिम शिक्षालय | ४० | ४५ |

**(ख) पहाडी ईलाकामा नेपाली सेना तैनाथी**

| **क्र.स.** | **विवरण** | **जग्गाको न्यूनतम क्षेत्रफल (रोपनी)** | **जग्गाको अधिकतम क्षेत्रफल (रोपनी)** |
|---|---|---|---|
| १ | पृतना हे.क्वा/कमाण्ड हे.क्वा वा वाहिनी हे.क्वा | ६०० | ८०० |
| ३ | गण हे.क्वा | ३३० | ४०० |
| ४ | गण हे.क्वा (सह-स्थित/Co-Located) | २०० | २६६ |
| ५ | गुल्म/ब्याट्री (अनाश्रित) | १५० | २५० |
| ६ | गुल्म/ब्याट्री (आश्रित) | १३३ | २०० |
| ७ | युद्ध मद्दती युनिट | १७३ | २०० |
| ८ | तालिम शिक्षालय | ४०० | ५०० |

**(ग) हिमाली ईलाकामा नेपाली सेना तैनाथी**

| **क्र.स.** | **विवरण** | **जग्गाको न्यूनतम क्षेत्रफल** (रोपनी) | **जग्गाको अधिकतम क्षेत्रफल** (रोपनी) |
|---|---|---|---|
| १ | पृतना हे.क्वा/कमाण्ड हे.क्वा वा वाहिनी हे. क्वा. | ४०० | ६६० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २ | गण हे.क्वा | २६० | ३३० |
| ३ | गण हे.क्वा (सह-स्थित/Co-Located) | २०० | २६० |
| ४ | गुल्म/ब्याट्री (अनाश्रित) | १३० | २०० |
| ५ | गुल्म/ब्याट्री (आश्रित) | १०० | १३० |
| ६ | युद्ध मद्दती युनिट | १३० | १६० |
| ७ | तालिम शिक्षालय | ४०० | ५०० |

(घ) **स्मल आर्मस, मद्दती, मेकानाईज्ड ईन्फेन्ट्री, हवाई सुरक्षा तथा आर्टिलरी हतियार र एक्सप्लोसिभहरुको फायरिङ्ग रेञ्जको लागि आवश्यक जग्गा**

| **क्र.स.** | विवरण | जग्गाको न्यूनतम क्षेत्रफल |
|---|---|---|
| १ | हरेक जिल्लामा तैनाथ नेपाली सेना र अन्य सुरक्षाफौजको तालिम/नियमित फायरिङ अभ्यासको लागि (स्मल आर्मस र २ मोर्टार हतियारबाट) | ३,५०० मि. × १,२०० मि. (८२५.५७ रोपनी) |
| २ | हरेक वाहिनी जिम्मेवारी क्षेत्रमा गण मद्दती हतियारबाट तालिम/नियमित फायरिङ अभ्यास गर्न (MMG/GPMG, ६० मि.मि. र ८१ मि.मि. मोर्टार हतियारबाट) | ५,६५० मि. × ३५० मि. (३८८७.०८ रोपनी) |
| ३ | तालिम/वार्षिक रुपमा कमाण्ड तहको मेकानाईज्ड ईन्फेन्ट्री, आर्टिलरी र हवाई सुरक्षा हतियारबाट फायरिङ अभ्यास गर्न | १७,००० मि. × १२००० मि. (४,००,९९०.७० रोपनी) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४ | एक्सप्लोसिभ फायरिङ्ग | ६१.७२ रोपनी - ८९ मि. रेडियस<br>(२ के.जी. सम्म) ८,८८७.८९ रोपनी- १०६५ मि. रेडियस<br>(२ देखि १०० के.जी. सम्म |

**(ङ) तालिम/अभ्यास ईलाकाको लागि आवश्यक जग्गा**

| **क्र.स.** | विवरण | जग्गाको न्यूनतम क्षेत्रफल |
|---|---|---|
| १ | गुल्म तह | ८०० × १,००० मि. (१५७२.५२ रोपनी) |
| २ | गण तह | २,५०० × ३,००० मि. (१४,७४२.३० रोपनी) |
| ३ | वाहिनी तह | ७,५०० × ९,००० मि. (१३२६८०.७४ रोपनी) |
| ४ | कमाण्ड/आर्मी तह | २,०००० × ३०००० मि. (११,७९३८४.३६ रोपनी) |
| ५ | शिक्षालय तह | ३,०००× ३,५०० मि. (२०,६३९.३५ रोपनी) |

## ४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गतका निकायको हकमा

| **क्र.स.** | **विवरण** | **जग्गाको न्यूनतम क्षेत्रफल** |
|---|---|---|
| १ | नगरपालिकाको भवन निर्माणार्थ | ८ रोपनी |
| २ | गाउँपालिकाको भवन निर्माणार्थ | ६ रोपनी |
| ३ | वडाको भवन निर्माणार्थ | ३ रोपनी |

## ५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गतका निकायको हकमा

**(क) विद्यालय**

| **क्र.स.** | **विद्यालय** | **जग्गाको न्यूनतम क्षेत्रफल** |
|---|---|---|
| १ | आधारभूत तह (१-५) | १,५३० ब.मि. |
| २ | आधारभूत तह (१-८) | २,५४५ब.मि. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३ | माध्यमिक तह (१-१०) | ३,३१० ब.मि. |
| ४ | माध्यमिक तह (१-१२) | ४,०७२ ब.मि. |

## (ख) प्राविधिक विद्यालय

| क्र.स. | विद्यालय | काठमाडौं उपत्यका | हिमाल/पहाड | तराई |
|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षालय (कृषि तथा पशुपालन) | - | २,५४४ ब.मि | ३,३८६ ब.मि. |
| २ | सिटिईभिटी | ५ रोपनी | ७ रोपनी | १० कट्टा |

## (ग) विश्वविद्यालय

| विश्व विद्यालय | नगरपालिका (सबै जिल्लाका) | गाउँपालिका (हिमाली र पहाडी जिल्लाका) | गाउँपालिका (तराई र भित्री मधेश जिल्लाका) | कैफियत |
|---|---|---|---|---|
| शिक्षण संस्थाको नाममा विश्व विद्यालय सञ्चालन गर्ने | ७६,३१० व. मि. | १,५२,६१६ व. मि. | ३,३८,६३२ व. मि. | |

## (घ) अन्य विश्वविद्यालय

| क्र.सं. | विश्वविद्यालय | हिमाली र पहाडी क्षेत्रका जिल्लामा | तराई र भित्री मधेश क्षेत्रका जिल्लामा | कैफियत |
|---|---|---|---|---|
| १ | केन्द्रीय विश्वविद्यालय | ५०० रोपनी | ५० विगाहा | उक्त जग्गा बढीमा तीन स्थानसम्म करिब २० कि.मि. को दूरीभित्र व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |
| २ | मानित विश्व विद्यालय (सङ्घ र प्रदेश | २०० रोपनी | २५ विगाहा | उक्त जग्गा बढीमा दुई स्थानसम्म करिब १० कि.मि. को दूरीभित्र |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | दुवैमा लागू हुने) | | | व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |
| ३ | लुम्बिनी प्रदेश अन्तर्गत विश्व विद्यालय | ५०० रोपनी | ५० विगाहा | उक्त जग्गा बढीमा तीन स्थानसम्म करिब २० कि.मि. को दूरीभित्र व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |
| ४ | लुम्बिनी प्रदेश अन्तर्गत मानित विश्व विद्यालय | २०० रोपनी | २५ विगाहा | उक्त जग्गा बढीमा दुई स्थानसम्म करिब १० कि.मि. को दूरीभित्र व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |
| ५ | बागमती र लुम्बिनी प्रदेश बाहेकका अन्य प्रदेश विश्व विद्यालय | ५०० रोपनी | ५० विगाहा | उक्त जग्गा बढीमा तीन स्थानसम्म करिब २० कि.मि. को दूरीभित्र व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |

**६.बागमती प्रदेश**

**(क) विश्व विद्यालय**

| काठमाडौ उपत्यका भित्रका जिल्लामा | हिमाली र पहाडी क्षेत्रका जिल्लामा | तराई र भित्री मधेश क्षेत्रका जिल्लामा | कैफियत |
|---|---|---|---|
| २०० रोपनी | ५०० रोपनी | ५० विगाहा | उक्त जग्गा बढीमा तीन स्थानसम्म करिब २० कि.मि. को दूरीभित्र व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(ख) मानित विश्व विद्यालय**

| **क्र.सं.** | **मानित विश्व विद्यालय** | **क्षेत्रफल** | **कैफियत** |
|---|---|---|---|
| १ | काठमाडौं उपत्यकाभित्र सञ्चालित गैर प्राविधिक विषयका | २० रोपनी | मानित विश्व विद्यालयका लागि आवश्यक पर्ने जग्गा बढीमा दुई स्थानसम्म करिब ५० कि.मी. को दूरीभित्र व्यवस्थापन गर्न सकिने हुनु पर्नेछ । |
| २ | काठमाडौं उपत्यकाभित्र सञ्चालित प्राविधिक विषयका | २० रोपनी | |
| ३ | काठमाडौं उपत्यका बाहिर समेत केन्द्र रही सञ्चालित गैर प्राविधिक विषयका | काठमाडौं उपत्यका र बाहिर गरी ३० रोपनी | |
| ४ | काठमाडौं उपत्यका बाहिर समेत केन्द्र रही सञ्चालित प्राविधिक विषयका | ५० रोपनी | |
| ५ | तराई र भित्रीमधेश क्षेत्रमा | ५० बिगाहा | |

**(ग) मानित विश्व विद्यालय एक्लै वा दुई वा दुईभन्दा बढी विश्व विद्यालय गाभिई नयाँ विश्वविद्यालयमा स्थानान्तरण हुने भएमा**

| काठमाडौं उपत्यकाभित्रका जिल्लामा | हिमाली र पहाडी क्षेत्रका जिल्लामा | तराई र भित्री मधेश क्षेत्रका जिल्लामा | कैफियत |
|---|---|---|---|
| २०० रोपनी | ५०० रोपनी | ५० बिगाहा | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३
(दफा १४ सँग सम्बन्धित)

**लिज सम्झौताको ढाँचा**

लिखितम् नेपाल सरकारको तर्फबाट .......... कार्यालय .......... (पहिलो पक्ष) र लिज प्राप्तकर्ताको नाम, ठेगाना र दर्ता नं. ........ (दोस्रो पक्ष) का बीच सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम देहायमा उल्लिखित जग्गा देहायमा उल्लिखित सर्तको अधीनमा रही लिजमा उपलब्ध गराउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति .......... मा निर्णय भएकोले सोही निर्णय बमोजिम यो लिज सम्झौतामा हस्ताक्षर गरी १/१ प्रति लियौं दियौः-

**लिजमा उपलब्ध गराइएको जग्गाको विवरण**

| क्र. सं. | प्रमाण सङ्केत | जिल्ला | साबिक न.पा./ गा.वि.स. | वडा नं. | नक्सा सिट नं. | कि.नं. | जग्गाको क्षेत्रफल रोपनी/बिगाहा वर्गमिटर | लिजमा उपलब्ध गराउने जग्गाको रोपनी/बिगाहा/ वर्गमिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | |

१. लिजको किसिमः अल्पकालीन/मध्यकालीन/दीर्घकालीन
२. लिज अवधि र नवीकरण गर्नु पर्ने अवधिः
३. लिजको उद्देश्यः
४. लिज रकमः
५. लिज वृद्धिदरः
६. कार्यनीतिले तोकेका सर्तहरु यस सम्झौताको अङ्ग मानिने छन्।
७. पालना गर्नु पर्ने सर्तहरूः
(क)
(ख)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पहिलो पक्षको तर्फबाट,-

नाम/थरः

दर्जाः

कार्यालय नामः

कार्यालयको छापः

दोस्रो पक्षको तर्फबाट,-

नाम/थरः

दर्जाः

लिज प्राप्त गर्ने कार्यालयको

नामः

कार्यालयको ठेगानाः

सम्पर्क ठेगानाः

ईमेलः

फोनः

कार्यालयको छापः

ईति संवत् ........ साल ............ महिना ..... गते ......... रोज शुभम् ।

**आज्ञाले,**
**केदारनाथ शर्मा**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार